धनगढी उपमहानगरपालिका
DHANGADHI SUBMETROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४
च.नं.

बिषय: LED तथा SOUND SYSTEM बहालमा दिने कार्यको सूचना।
दोश्रो पटक प्रकाशित मिति: २०८३।८।३

यस धनगढी उपमहानगरपालिका वडा न. १ स्थित जेन्जी मार्गमा रहेको LED तथा SOUND SYSTEM लाई स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६२ को उपदफा (२) र (३) बमोजिम सम्झौता भएको मिति देखि लागु हुन गरी १ बर्षका लागि बहालमा दिने निर्णय भएको हुंदा इच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुको जानकारीको लागि ७ (सात) दिन भित्र सिलबन्दी दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सूचनाका शर्तहरु

१. माथि उल्लेखित LED तथा SOUND SYSTEM र कन्ट्रोल रुम (अन्य प्रयोजनका लागि प्रयोग गर्न नपाउने) लाई बहालमा लगाउनका लागि न्यूनतम् बढाबढ ठेक्का अंक बहाल कर सहित मासिक रु १६,५००। (सोह्र हजार पाँचसय) कायम गरिएको छ।

२. दरभाउ पत्र फाराम दस्तुर बापत रु. १०००। (एक हजार मात्र फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको राजस्व शाखाबाट खरिद गर्न सकिने छ।

३. सूचना प्रकाशित मितिबाट ८ औं दिन दिनको १२.०० बजे भित्र दरभाउ पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्र सोही दिन दिउंसो २.०० बजे सम्बन्धित व्यक्ति, फर्म/कम्पनी वा निजले तोकेको प्रतिनिधिको रोहवरमा खोलिने छ । तर सम्बन्धित व्यक्ति, फर्म/कम्पनी वा निजले तोकेका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

४. फर्म वा कम्पनीहरूले ठेक्का प्रकृयामा समावेश हुनका लागि फर्म वा कम्पनीको दर्ता प्रमाण पत्र र आ.व. २०८२।०८३ को आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा यो लागु हुने छैन।

५. यदि दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य गरिनेछ।

६. यस धनगढी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यलयलाई ठेक्का लागेको अंकको दामासाहिले हुन आउने रकम लिई मंसिर महिनाको १ गते देखि माघ महिनाको मसान्त सम्म साझ ५ बजे देखि ७ बजे सम्म र

अधिकृत स्तर आठौं

धनगढी उपमहानगरपालिका
DHANGADHI SUBMETROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४
च.नं.

अन्य महिनामा ७ बजे देखि ९ बजे सम्मको समयमा धनगढी उपमहनगरपालिकालाई अनिवार्य रुपमा उपलब्ध गराउने जिम्मा ठेक्का लिने पक्षको हुनेछ।

७. दरभाउ पत्र साथ जमानत वापत आफूले कवोल गरेको रकमको एक वर्षले हुन आउने रकमको ५ प्रतिशत रकम यस धनगढी उपमहानगरपालिका कार्यालयको रा.बा.बैंक धनगढीमा रहेको धरौटी खाता नं. ४१७०१००३०३०००००२ मा नगदै जम्मा गरेको सक्कल भौचर वा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट धनगढी उपमहानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ।

८. बहालमा लिने व्यक्ति वा संस्थाले बहाल सम्झौता गर्दा आफूले कबोल गरेको रकमको १ बर्षले हुन आउने रकम धरौटी बापत जम्मा गर्नु पर्नेछ।

९. निर्मित भौतिक सामाग्री लगायत अन्य सबै सामाग्रिहरू जे जस्तो अवस्थामा छन सोही अवस्थामा ठेक्का सम्झौता गरिनेछ।

१०. निर्मित भौतिक सामाग्री लगायत अन्य सबै सामाग्रिहरूको पूर्ण रूपमा सुरक्षाको ब्यवस्था गर्ने र सबै प्रकारको कर, महशुल तथा शुल्क तिर्ने जिम्मेवारी ठेक्का साकार गर्ने पक्षको हुनेछ। हानी नोक्सानी भएमा ठेक्का साकार गर्ने पक्षले तुरून्त मर्मत गर्नु पर्ने छ।

११. प्राकृतिक तथा मानवजन्य घटनाको सुरक्षा सम्बन्धी सम्पूर्ण जिम्मेवारी ठेकदार पक्षको हुनेछ र यसको लागि निजले आवश्यक बिमा सम्बन्धि कार्य गर्नु पर्नेछ।

१२. कुनै पनि ब्यक्ति,फर्म वा कम्पनीको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ। साथै उचित प्रतिस्पर्धा भएको नपाईएमा यस कार्यालयबाट पुनः सूचना प्रकाशित गर्न सकिनेछ।

१३. यस सूचनामा उल्लेख नभएका कुरा दुबै पक्षबीच हुने सम्झौता एंब कार्यालयको निर्णय र प्रचलित ऐन,कानून बमोजिम हुनेछ। साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ।

१४. LED तथा SOUND SYSTEM लाई बहालमा लिने व्यक्ति, फर्म वा कम्पनीले कानूनले निषेध गरेको बिज्ञापन संचालन गर्न पाउने छैन।

१५. यो सूचना धनगढी उप–महानगरफालिकाको वेव साईट www.dhangadhimun.gov.np बाट पनि हेर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखाको ०९१५२१३२९ मा मा सम्पर्क गर्न सकिने छ।

अधिकृत स्तर आठौं

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश ।

दरभाउपत्र दस्तुर रू. १०००।

सि.न.	बिवरण	ठेक्काका लागि न्युनतम मासिक रकम	कवोल गरेको मासिक ठेक्का रकम (बहाल कर सहित)		धरौटी रकम
			अंकमा रू.	अक्षरमा रू.	
१.	LED तथा SOUND SYSTEM बहालमा दिने कार्य	१६५००।			

ब्यक्ति, फर्म वा कम्पनीको तर्फबाट:

ब्यक्तिको नाम:

फर्म वा कम्पनीको नाम:

दस्तखत:

ठेगाना:

फोन नं.

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

अधिकृत स्तर आठौं